परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : २८८ पृष्ठ ४ २०८३ साउन २२ गते शुक्रबार 7 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# सिँचाइ, मल अभाव र चोरीले औरहीका धान किसान चिन्तित

● धर्वेन्द्र कुमार यादव (यदुवंशी) ।



पर्याप्त वर्षा नहुँदा महोत्तरीको औरही नगरपालिका क्षेत्रका धान किसान यस वर्ष सिँचाइको अभाव, रासायनिक मलको कमी तथा सिँचाइ उपकरण चोरीका घटनाका कारण बहुआयामिक समस्यामा परेका छन्। पर्याप्त पानी नपर्दा किसानले स्यालो ट्यूबवेलबाट मोटर मार्फत सिँचाइ गर्न बाध्य हुनु परेको छ भने आवश्यक रासायनिक मलको अभाव र मोटर तथा विद्युत् तार चोरीका घटनाले खेतीको लागत र जोखिम दुवै बढाएको छ।

औरही नगरपालिका-१ र २ का अधिकांश किसानले धान रोपाइँ सम्पन्न गरे पनि खेतमा पर्याप्त पानी नजमेकाले बाली जोगाउन दिनरात मोटर सञ्चालन गर्नुपरेको बताएका छन्। लगातार मोटर चलाउनुपर्दा डिजेल, विद्युत् र मजदुरी खर्च बढेर खेती महँगो बन्दै गएको उनीहरूको भनाइ छ।

औरही नगरपालिका-२ का किसान दिनेश यादवले आकाशे पानीले मात्र धानबाली धान्न नसकेको बताउनुभयो। खेतमा पानी नटिक्ने भएकाले बारम्बार स्यालो ट्यूबवेलबाट सिँचाइ गर्नुपरेको र यसले उत्पादन लागत उल्लेख्य रूपमा बढाएको उहाँले बताउनुभयो । समयमा रासायनिक मल उपलब्ध हुन नसक्दा किसान थप समस्यामा परेको उहाँको भनाइ छ।

सोही वडाका अर्का किसान घनश्याम यादवले सिँचाइ र मल अभावका कारण उत्पादनप्रति अनिश्चितता बढेको बताउनुभयो। बजारमा मल सहज रूपमा नपाइने र पाइए पनि महँगो पर्ने भएकाले खेतीबाट आम्दानीभन्दा खर्च बढी हुने अवस्था सिर्जना भएको उहाँले गुनासो गर्नुभयो।

सिँचाइका लागि प्रयोग हुने मोटर र विद्युत् तार चोरीका घटना बढेपछि किसान थप चिन्तित बनेका छन्। औरही नगरपालिका-१ का किसान राकेश साहले केही दिनअघि आफ्नो सिँचाइ मोटर चोरी भएको जानकारी दिनुभयो। उहाँका अनुसार अर्का एक किसानको करिब ७ सय मिटर विद्युत् तार पनि चोरी भएको छ। पछिल्लो समय यस्ता घटना बढेपछि किसान खेती जोगाउन रातभर खेतमै बस्न बाध्य भएका छन्।

औरही नगरपालिकाका कृषि शाखा प्रमुख सुनिलकुमार यादवले पर्याप्त र निरन्तर वर्षा नहुँदा किसान स्यालो ट्यूबवेलमा निर्भर हुनुपरेको बताउनुभयो । रासायनिक मलको आपूर्ति संघीय तथा प्रदेशस्तरको प्रणालीमार्फत हुने भएकाले केही समय अभाव देखिएको र उपलब्ध हुने बित्तिकै किसानलाई वितरण गरिने उहाँले जानकारी दिनुभयो। दीर्घकालीन रूपमा सिँचाइ पूर्वाधार विस्तार तथा किसानलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने विषयमा पनि काम भइरहेको उहाँको भनाइ छ।

कृषि क्षेत्रका जानकारका अनुसार धानबालीको प्रारम्भिक अवस्थामा पर्याप्त सिँचाइ र सन्तुलित मल व्यवस्थापन हुन नसके उत्पादनमा प्रत्यक्ष असर पर्छ । सिँचाइ उपकरण चोरीका घटना बढ्दा किसानको आर्थिक भार थप बढ्ने भएकाले स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित निकायले समन्वय गरी प्रभावकारी समाधान खोज्नुपर्ने आवश्यकता औँल्याइएको छ।

कृषिप्रधान क्षेत्र मानिने औरहीमा यस वर्ष देखिएको सिँचाइ अभाव, मल संकट र सिँचाइ उपकरण चोरीका घटनाले किसानलाई एकैसाथ तीनवटा समस्याको सामना गराएको छ। समयमै प्रभावकारी समाधान हुन नसके धान उत्पादनसँगै किसानको आयआर्जन र स्थानीय खाद्य सुरक्षामा समेत प्रतिकूल असर पर्ने चिन्ता व्यक्त गरिएको छ।

# मल अभावले बर्दिबासका किसान मारमा, समयमै आपूर्ति गर्न माग

● बिनय कुमार यादब

बर्दिबास – महोत्तरीको बर्दिबास नगरपालिकामा रासायनिक मलको अभावले किसा( नहरू समस्यामा परेका छन्। धानबालीका लागि अत्यावश्यक समयमा मल नपाउँदा किसान दिनभर लाइनमा बस्न बाध्य भए पनि आवश्यक परिमाणमा मल प्राप्त गर्न नसकेको गुनासो गरेका छन्।

बर्दिबास नगरपालिका-१०, ११ लगायतका विभिन्न वडाका किसानहरू आफ्नै नागरि कतासँगै छिमेकीको नागरिकता बोकेर समेत मल लिन पुगे पनि पर्याप्त मल नपाएको बताएका छन्। मल अभावका कारण बालीमा आवश्यक समयमा मल हाल्न नसक्दा उत्पादनमा प्रत्यक्ष असर पर्ने चिन्ता किसानहरूको छ।

किसानका अनुसार खेतीको संवेदनशील समयमा मल उपलब्ध नहुँदा बाली पहेँलिने, ओइलिने तथा उत्पादन घट्ने जोखिम बढेको छ। यसले किसानको श्रम, समय र लगा( नीसमेत खेर जाने अवस्था सिर्जना गरेको उनीहरूको भनाइ छ।

स्थानीय किसानहरूले हरेक वर्ष मल सहज रूपमा उपलब्ध गराउने आश्वासन दिइए पनि व्यवहारमा समस्या दोहोरिने गरेको बताएका छन्। उनीहरूले कृषि सामग्रीको नियमित र पर्याप्त आपूर्तिको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

कृषिप्रधान देशमा किसानले समयमै मलसमेत नपाउने अवस्था चिन्ताजनक रहेको उल्लेख गर्दै किसानहरूले तत्काल आवश्यक परिमाणमा रासायनिक मल उपलब्ध गराई कृषि उत्पादन र खाद्य सुरक्षामा असर पर्न नदिन सरकारसँग आग्रह गरेका छन्।






पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### स्तनपान प्रवर्धनमा साझा प्रतिबद्धता

आमाको दूध नवजात शिशुको पहिलो र सबैभन्दा सुरक्षित आहार हो । यसले शिशुलाई आवश्यक पोषण, रोग प्रतिरोधात्मक क्षमता र स्वस्थ शारीरिक तथा मानसिक विकासका लागि आवश्यक आधार प्रदान गर्छ। त्यसैले स्तनपान केवल आमाको जिम्मेवारी नभई मातृ तथा शिशु स्वास्थ्यसँग जोडिएको राष्ट्रिय प्राथमिकताको विषय हो । संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको सन्दर्भमा स्तनपान प्रवर्धनले स्वस्थ नागरिक निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

विश्व स्वास्थ्य संगठन र युनिसेफले जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गर्न, पहिलो छ महिनासम्म पूर्ण स्तनपान गराउन तथा दुई वर्ष वा सोभन्दा बढी समयसम्म पूरक आहारसँगै स्तनपानलाई निरन्तरता दिन सिफारिस गरेका छन्। यसले शिशुमा कुपोषण, झाडापखाला, निमोनिया र अन्य संक्रमणको जोखिम घटाउनुका साथै आमाको स्वास्थ्य संरक्षणमा पनि सकारात्मक भूमिका खेल्छ।

नेपालमा कानुनी व्यवस्था र स्वास्थ्य सेवामा सुधार भए पनि पूर्ण स्तनपानको दर अझै सन्तोषजनक छैन। सहरीकरण, कामकाजी आमाका लागि स्तनपानमैत्री वातावरणको अभाव, कृत्रिम दूधको बढ्दो प्रयोग र पर्याप्त जनचेतनाको कमी प्रमुख चुनौती बनेका छन्। यी समस्या समाधान गर्न स्वास्थ्य संस्था, परिवार, कार्यस्थल र समुदायबीच समन्वित प्रयास आवश्यक छ।

फिनल्यान्डजस्ता मुलुकले स्तनपानलाई सार्वजनिक स्वास्थ्य नीतिसँग जोड्दै परामर्श सेवा, अभिभावकीय बिदा, स्तनपानमैत्री अस्पताल र कार्यस्थलको व्यवस्था प्रभावकारी रूपमा लागू गरेका छन्। नेपालले पनि यस्ता असल अभ्यासलाई आफ्नो सन्दर्भअनुसार अपनाउन सके मातृ तथा शिशु स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ।

स्तनपान शिशुको नैसर्गिक अधिकार र स्वस्थ भविष्यको आधार हो । यसलाई प्रवर्धन गर्न सरकार, स्वास्थ्यकर्मी, परिवार, रोजगारदाता र समुदाय सबैले साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ। स्वस्थ पुस्ता निर्माणको सुरुआत आमाको दूधबाट हुन्छ भन्ने सन्देशलाई व्यवहारमा उतार्नु आजको आवश्यकता हो।

# ‘ग्यास छैन’ लेखिएका सटर, सप्तरीका उपभोक्ता मारमा

● टक नेपाल




खाना पकाउने एलपी ग्यासको अभाव भएपछि सप्तरीका सहरी क्षेत्रका सर्वसाधारणको दैनिक जनजीवन प्रभावित भएको छ । ग्यास लिन उपभोक्ता बिहानैदेखि डिलर तथा बिक्रेताका पसलमा पुगे गरे पनि अधिकांश स्थानमा सटर बन्द भेटिएपछि निराश भएर फर्किन बाध्य भएका छन् ।

राजविराज–८ का उपभोक्ता बिन्दुकुमार यादव बुधबार बिहान ग्यास लिन बिक्रेताको पसल पुगे पनि सटर बन्द भेटिएको बताउनुहुन्छ । "ग्यास लिन आउँदा पसल बन्द हुन्छ, कहिले खुल्छ भन्ने जानकारी हुँदैन । घरको चुलो बलाउन समस्या भएको छ," उहाँले भन्नुभयो ।

सप्तरीका बजार क्षेत्रमा कोशी ग्यास, प्रिमा ग्यास, रिजाल, कन्काई ग्यास, सुविधा ग्यास, कामाख्या ग्यासलगायतका डिलर तथा सबडिलर सञ्चालनमा छन् । तर अधिकांश बिक्रेताले पसल बन्द गरेका छन् । उपभोक्ताका अनुसार केही सीमित डिलर मात्र खुलेका छन् भने धेरैजसो बिक्रेताको मोबाइलसमेत सम्पर्कविहीन अवस्थामा छ ।

राजविराजका अर्का उपभोक्ता शिवकुमार यादवले ग्यास खोज्दै धेरै ठाउँ धाउनुपरेको बताउनुभयो । "एक–दुई वटा डिलर खुलेका छन्, त्यहाँ पनि भीड धेरै हुन्छ । धेरै डिलर बन्द छन्, मोबाइलमा सम्पर्क गर्दा स्वीच अफ भनिन्छ," उहाँले भन्नुभयो ।

कन्काई ग्यास लिन पुगेका लक्की साहले पनि यस्तै समस्या भोग्नुपरेको बताउनुभयो । "बिहान ग्यास लिन डिलरमा पुगेँ। सटरमा 'ग्यास छैन' भनेर लेखेर बन्द गरिएको थियो । मोबाइलमा फोन गर्दा पनि सम्पर्क हुन सकेन," उहाँले भन्नुभयो ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवका अनुसार आपूर्ति कम भएका कारण ग्यास अभाव देखिएको हो ।

"अहिले थोरै–थोरै मात्रामा ग्यास आइरहेको छ। केही दिनअघि कोशी, प्रिमा र सुविधा कम्पनीको ग्यास वितरण गरिएको थियो, तर मागअनुसार सबै उपभोक्तालाई पुग्न सकेन," उहाँले बताउनुभयो ।

उहाँका अनुसार ग्यास आपूर्ति सहज हुन अझै केही समय लाग्नेछ । "जसरी आपूर्ति हुन्छ, सोही अनुसार वितरण भइरहेको छ । पूर्ण रूपमा सहज हुन १० देखि १५ दिनसम्म लाग्न सक्छ," उहाँले भन्नुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी यादवका अनुसार सप्तरीका सहरी क्षेत्रका करिब ७० प्रतिशत नागरिक खाना पकाउन ग्यासका उपभोक्ता छन् । घरायसी खाना पकाउने मुख्य माध्यमका रूपमा ग्यासमा निर्भर परिवार अभावबाट प्रत्यक्ष प्रभावित भएका छन् ।

सुनसरीको देवानगञ्जमा भएको घटनापछि विकसित परिस्थितिका कारण भएको बन्दले ग्यास ढुवानी तथा आपूर्तिमा असर परेको प्रशासनको भनाइ छ । नियमित आपूर्ति नहुँदा सर्वसाधारणले खाना पकाउन वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था आएको छ ।

ग्यास अभावका कारण विशेषगरी दैनिक ज्यालादारी गर्ने, वृद्धवृद्धा तथा साना परिवार बढी प्रभावित भएका छन् । सहज आपूर्ति नहुँदा बजारमा अनिश्चितता बढेको र उपभोक्ताले महँगो मूल्यमा समेत ग्यास खोज्नुपर्ने अवस्था आउन सक्ने चिन्ता व्यक्त गरेका छन् ।

# धनुषाका अधिकांश बहुवर्षीय योजना अन्तिम चरणमा

● टक नेपाल




मधेश प्रदेश सरकारद्वारा धनुषामा सञ्चालित ३२ वटा बहुवर्षीय योजनामध्ये अधिकांश योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। पूर्वाधार विकास कार्यालय जनकपुरधामका अनुसार तीमध्ये धेरैजसो योजना चालु आर्थिक वर्षभित्र सम्पन्न हुने अवस्थामा पुगेका छन् ।

कार्यालय प्रमुख सञ्जीवकुमार साहका अनुसार बहुवर्षीय योजनाअन्तर्गत सञ्चालित 'एक निर्वाचन क्षेत्र सडक कार्यक्रम' पनि अन्तिम चरणमा पुगेको छ । उक्त कार्यक्रमअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा पाँच–पाँच किलोमिटर सडक निर्माण तथा कालोपत्र गर्ने लक्ष्य राखिएको छ ।

बहुवर्षीय योजनाअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका–१ स्थित जलाद खोलामा पुल निर्माण तथा धनुषाको भीमान–महनगाछी–किसनपुर सडक कालो पत्र गर्ने काम सम्पन्न भइसकेको कार्यालयले जनाएको छ ।

पूर्वाधार विकास कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा सडक तथा भौतिक पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति हासिल गरेको जनाएको छ । कार्यालयका अनुसार सो अवधिमा धनुषाका विभिन्न स्थानमा ५७ किलोमिटर सडक ढलान, २२ वटा कल्भर्ट निर्माण, २२.५ किलोमिटर सडक ग्राभेल तथा एक किलोमिटर सडक कालोपत्र गरिएको छ । यसका साथै सात किलोमिटर सडकको मर्मत–सम्भार कार्य पनि सम्पन्न गरिएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार निरन्तरको प्रयासपछि जनकपुरधामस्थित बीपी स्मृति सभाहल तथा सबै लास्थित योगनारायण स्मृति सभाहल निर्माण सम्पन्न भएका छन्। त्यस्तै, जिल्लाका विभिन्न स्थानमा २२ वटा सामुदायिक भवन र दुई वटा सभाहल निर्माणको काम पनि सम्पन्न भएको छ।

जनता आवास कार्यक्रमअन्तर्गत धनुषा र महोत्तरीमा निर्माणाधीन ७९६ आवासमध्ये ६३८ वटा आवास निर्माण सम्पन्न भइसकेका छन्। बाँकी आवाससम्बन्धी विषय अदालतमा विचाराधीन रहेकाले निर्माण कार्य रोकिएको कार्यालय प्रमुख साहले बताउनुभयो ।

यस्तै, महेन्द्र नारायण निधि विपन्न आवास योजनाअन्तर्गत धनुषामा निर्माण गर्न लागिएका १०५ आवासमध्ये ७१ वटा निर्माण सम्पन्न भएका छन् भने बाँकी ३४ वटा निर्माणाधीन अवस्थामा छन् ।

मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत धनुषामा निर्माण गरिने ५५ आवासमध्ये २९ वटा सम्पन्न भइसकेका छन् भने बाँकी आवास निर्माणको काम जारी रहेको कार्यालयले जनाएको छ ।






# मानव सभ्यताकै क्रूर दिन

● रामप्रसाद आचार्य ।



**आज विज्ञान र प्रविधिको चरम विकाससँगै बनाइएका परमाणु हतियारले मानव सभ्यता नै समाप्त पार्ने चुनौती दिएका छन् । विश्वशान्ति र सुरक्षा चरम सङ्कटमा छ । समग्र विश्वलाई परमाणु हतियारमुक्त नबनाउने हो भने कुनै पनि बेला परमाणु हतियारको दुरुपयोगबाटै समग्र विश्व र मानव सभ्यता नै समाप्त हुन सक्छ ।**


रामप्रसाद आचार्य

इतिहासमा आजको दिन मानव सभ्यताकै क्रूर दिन हो । सन् १९४५ अगस्ट ६ तारिख आजकै दिन अमेरिकाले जापानको सुन्दर सहर हिरोसिमामा परमाणु बम प्रहार गर्दा क्षणभरमा निर्दोष एक लाख ४० हजार मानिसको जीवन खरानी भयो । दसौँ हजारौँ मानिस घाइते भए । हिरोसिमा सहर ध्वस्त भयो । विज्ञान वरदान होइन अभिशाप बन्यो । युरेनियमबाट बनाइएको परमाणु बमको नाम थियो- लिटिल ब्वाय ।

सुन्दर र शान्त हिरोसिमा यसरी ध्वस्त होला र लाखौँ निर्दोष मानिस मारिएलान् भनी कसैले पनि सोचेका थिएनन् । त्यो बीभत्स आक्रमण जसले मानव सभ्यतालाई नै कलङ्कित बनाएको छ । अगस्ट ६ को बिहान हिरोसिमा सहरमा सधैँ झैँ सामान्य चहलपहल थियो । साना बालबालिका विद्यालय जाने तयारीमा थिए, कोही भर्खरै कक्षाकोठामा बस्दै थिए । मजदुर कलकारखानामा र कर्मचारी आआफ्नो कार्यथलोतिर लम्किरहेका थिए । बिहानको ठिक ८:१५ बजे आकाशमा एउटा अमेरिकी 'बी-२९' बमवर्षक विमान (एनोला गे) देखा पर्‍यो । विमानबाट 'लिटिल ब्वाय' नामको युरेनियम बम खसालियो । जमिनभन्दा केही सय मिटरमाथि नै त्यो बम विस्फोट भयो । एकै क्षणमा पूरै सहर ध्वस्त भयो । निलो आकाश बैजनी र गाढा रातो रङमा बदलियो । एउटा भयानक आँधी चल्यो, जसले कङ्क्रिटका गगनचुम्बी भवनलाई कागजको टुक्रा झैँ उडायो । धातु पग्लिएर पानी बने । मानिस जहाँ थिए, त्यहीँ बाफिए, पग्लिए र केवल ढुङ्गा वा भित्तामा उनीहरूको कालो छाया मात्र बाँकी रह्यो । एक लाख ४० हजारभन्दा बढी मानिस त विस्फोटको पहिलो सेकेन्डमै खरानी भए । हावामा बिलाए ।

## 'फ्याट म्यान' को विस्फोट

यस्तै बीभत्स घटना त्यसको तीन दिनपछि अगस्ट ९ तारिखमा नागासाकीमा दोहोरियो । हिरोसिमा झैँ खरानी भयो नागासाकी पनि । अगस्ट ९ को बिहान ११:०२ बजे नागासाकीमाथि 'फ्याट म्यान' नामको प्लुटोनियम बम खसालियो । विनाशको प्रकृति उस्तै बीभत्स थियो । पहाडका खोचमा ठोक्किएर निस्किएको ताप र ऊर्जाले नागासाकीलाई तुरुन्तै एउटा बलिरहेको भट्टीमा परिणत गरिदियो । ८० हजारभन्दा बढी मानिसको श्वास एकै निमेषमा रोकियो । सुन्दर प्राकृतिक सहर क्षणभरमै खरानी भयो । चीत्कार, प्यास र बीभत्स दृश्य भयानक र कहालीलाग्दा थिए । विस्फोटबाट अङ्गभङ्ग भएका हजारौँ घाइतेको अवस्था मारिएकाको भन्दा पनि दयनीय र कष्टकर बन्यो । विस्फोटपछि आकाशबाट कालो रङको लेदो वर्षा भयो । यी दुई घटनासँगै जापान सरकारले अमेरिकासामु आत्मसमर्पण गर्‍यो । १० करोडभन्दा बढी मानिसको ज्यान लिएको पाँच वर्ष लामो दोस्रो विश्वयुद्ध अन्त्य भयो । महँगो साबित भएको दोस्रो विश्वयुद्धको अन्त्यसँगै जापानले युद्धको बाटो त्याग्यो । त्यसपछि जापान शान्ति, समृद्धि र मानव कल्याणको मार्गमा केन्द्रित भयो ।

## 'हिबाकुसा' ले भोगेको पीडा

दोस्रो विश्वयुद्धले जापानलाई जीवनभरिको आँसु र पीडा दियो । जापानी भाषामा आणविक बमको संहारबाट बाँचेका मानिसलाई 'हिबाकुसा' भनिन्छ । यो बचाउ कुनै वरदान थिएन, एउटा अन्त्यहीन अभिशाप थियो । परमाणु बम त विस्फोट भएर गयो तर त्यसले छोडेर गएको विकिरणले लाखौँ मानिसलाई दशकौँसम्म भित्रभित्रै खियाइरह्यो । बाँचेका मानिसमा रक्त क्यान्सर, छालाको क्यान्सर र अनेकौँ मानसिक रोग देखा परे । कतिपय महिलाले अङ्गभङ्ग भएका र ओठ-तालु काटिएका शिशुलाई जन्म दिनुपर्‍यो । विकिरणको असर वंशानुगत रूपमा पुस्तौँसम्म सर्दै गयो । शारीरिक पीडा मात्र होइन, हिबाकुसाहरूले गहिरो सामाजिक विभेद पनि भोग्नु पर्‍यो । समाजमा उनीहरूसँग विवाह गर्न र उनीहरूलाई रोजगारी दिन डराउने वातावरण बन्यो किनभने उनीहरूबाट जन्मने बच्चा रोगी हुन्छन् भन्ने डर थियो । उनीहरूले युद्ध पनि भोगे, बम पनि भोगे र जीवनभर समाजको अपहेलना पनि भोगे ।

यो महाविपत्तिपछि हार र निराशालाई शक्तिमा बदल्दै जापान खरानीको थुप्रोबाट पुनः उठ्यो । शान्तिको बाटो आत्मसात् गर्‍यो । कठोर मेहनतसँगै आज हिरोसिमा र नागासाकी आधुनिक, शान्त, सुन्दर र प्रविधिमैत्री सहरमा परिणत भएका छन् । जापानीहरूले आफ्नो अतीतलाई बिर्सेका छैनन् । विस्फोटको केन्द्रविन्दुमा रहेको एउटा भत्किएको भवनलाई 'आणविक बम गुम्बज' का रूपमा जस्ताको तस्तै राखिएको छ, जसले आउने पुस्तालाई युद्धको विभीषिका सम्झाइरहन्छ । हिरोसिमा र नागासाकीका शान्ति सङ्ग्रहालयहरूमा पुग्दा आज पनि मानिसका आँखा रसिला हुन्छन् । त्यहाँ राखिएका पग्लिएका टिफिन बक्स, बालबालिकाका जलेका लुगा र साइकलले युद्धको क्रूरताको सम्झना गराउँछ ।

## शान्ति र अहिंसाको शङ्खनाद

जापानले बदलाको भावना राखेन, बरु विश्वलाई 'शान्ति र अहिंसा' को शङ्खनाद गर्‍यो । हिरोसिमाको पिस पार्कमा शान्ति दीप बलिरहेको छ । जापानीहरूले के प्रतिज्ञा गरेका छन् भने यो दीप तबसम्म बलिरहने छ जबसम्म संसारबाट अन्तिम आणविक हतियार नष्ट हुँदैन । हिरोसिमा र नागासाकीको घटना केवल जापानको इतिहास होइन, यो सम्पूर्ण मानव जातिको साझा पाठ हो । आज विश्वमा हजारौँको सङ्खयामा आणविक हतियार भण्डारण गरिएका छन्, जुन सन् १९४५ मा हिरोसिमा र नागासाकीमा खसालिएका परमाणु बमभन्दा हजारौँ गुणा बढी शक्तिशाली र विनाशकारी छन् । शक्ति राष्ट्रहरूबिचको अहंकार र हतियारको होडबाजीले आज पनि संसारलाई तेस्रो विश्वयुद्धको सँघारमा उभ्याएको छ । आज पुनः अर्को आणविक युद्ध भयो भने, त्यहाँ कसैले पनि जित्ने छैन, केवल मानव सभ्यताको अन्त्य हुने छ ।

विज्ञानको विकास विनाशका लागि होइन, विकास र मानवताको कल्याणका लागि हुनु पर्छ । युद्धले कहिल्यै शान्ति ल्याउँदैन, यसले विपत्ति र विनाश मात्र गराउँछ । हिरोसिमा र नागासाकीको रोदनलाई मनन गर्दै विश्वका तमाम शक्ति राष्ट्रले आणविक हतियारको मोह त्याग्नु नै विश्वशान्तिका लागि सबैभन्दा ठुलो उपहार हुने छ । दोस्रो विश्वयुद्धको समयसम्म अमेरिकाले मात्र परमाणु हतियार बनाएको थियो । त्यसपछि तत्कालीन सोभियत सङ्घ, बेलायत, फ्रान्स, चीन, भारत, पाकिस्तान, उत्तर कोरिया र इजरायलले परमाणु हतियार बनाएर आणविक होडबाजी गरेका छन् ।

## आणविक सम्झौता

यता केही दिनअघि अमेरिका र साउदी अरबबिच आणविक सम्झौता भएको छ । यो सम्झौताको आडमा साउदी अरबले भविष्यमा आणविक बम बनाउँछ कि भन्ने चिन्ता पश्चिम एसियामा बढेको छ । अहिलेका लागि भने साउदी अरबमा नागरिक वा गैरसैनिक प्रयोजनका लागि परमाणु ऊर्जा कार्यक्रम विकास गर्न गरिएको यो सम्झौता मात्र हो । गएको जुलाई २२ मा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासन र साउदी अरब सरकारबिच यस 'शान्तिपूर्ण परमाणु सहयोग सम्झौता' (१२३ सम्झौता) मा आधिकारिक रूपमा हस्ताक्षर भएको थियो । यो सम्झौता अनुसार तेलको धनी राष्ट्र साउदी अरबले आफ्नो देशभित्र बिजुली उत्पादनका लागि आणविक ऊर्जा केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ, जसले गर्दा तेल निर्यातका लागि थप इन्धन बचत हुने छ ।

अमेरिकी आणविक प्रविधि विकासकर्ता कम्पनीहरूलाई साउदीको बहुअर्ब डलरको परमाणु बजारमा सोझै काम गर्ने र पूर्वाधार निर्माण गर्ने बाटो खोलेको छ । सम्झौताको पूर्ण विवरण गोप्य राखिए पनि साउदी अरबले भविष्यमा आफ्नै भूमिमा नागरिक रियाक्टरका लागि आवश्यक पर्ने युरेनियम संवर्धन गर्न सक्ने विकल्प खुला राखिएको छ । यद्यपि आणविक प्रविधिको दुरुपयोग रोक्न र यसलाई आणविक हतियारमा रूपान्तरण हुन नदिनका लागि मुख्य सम्झौतासँगै छुट्टै द्विपक्षीय सुरक्षा प्रोटोकलमा पनि हस्ताक्षर गरिएको छ । सम्झौता घोषणा भएको भोलिपल्टै अमेरिकाका राष्ट्रपति ट्रम्पले साउदी अरबले 'अब्राहम सम्झौता' मा सहभागी भई इजरायलसँग कूटनीतिक सम्बन्ध सामान्य बनाएमा मात्र यो आणविक सम्झौता पूर्ण रूपमा लागु हुने सर्त अगाडि सार्नुभएको छ । सुरक्षा विज्ञ तथा आलोचकहरूले यो सम्झौताले मध्यपूर्वमा नयाँ आणविक हतियारको प्रतिस्पर्धा सुरु गराउन सक्ने चिन्ता व्यक्त गरेका छन् ।

साउदीको प्रतिद्वन्द्वी राष्ट्र इरानसँग परमाणु तनाव चलिरहेका बेला यो सम्झौता सार्वजनिक भएको हो । साउदी अरबका युवराज मोहम्मद बिन सलमानले यदि इरानले परमाणु बम बनाएमा साउदी अरबले पनि आफ्नो सुरक्षाका लागि परमाणु हतियार बनाउने चेतावनी यसअघि नै दिनुभएको छ । साउदी अरबसँग हाल कुनै पनि आणविक हतियार छैन । साउदी अरब आधिकारिक रूपमा एक गैरआणविक हतियार सम्पन्न राष्ट्र हो । साउदी अरबले सन् १९८८ मा परमाणु अप्रसार सन्धिमा हस्ताक्षर गरेको थियो । यस सन्धिको सदस्य राष्ट्र भएकाले साउदी अरब कानुनी रूपमा आणविक हतियार विकास वा खरिद नगर्न प्रतिबद्ध छ । रक्षा विज्ञहरूबिच लामो समयदेखि एउटा चर्चा के छ भने साउदी अरबले आणविक हतियार सम्पन्न मित्रराष्ट्र पाकिस्तानको परमाणु कार्यक्रममा ठुलो आर्थिक लगानी गरेको छ ।

अतः आज विज्ञान र प्रविधिको चरम विकाससँगै बनाइएका परमाणु हतियारले मानव सभ्यता नै समाप्त पार्ने चुनौती दिएका छन् । विश्वशान्ति र सुरक्षा चरम सङ्कटमा छ । समग्र विश्वलाई परमाणु हतियारमुक्त नबनाउने हो भने कुनै पनि बेला परमाणु हतियारको दुरुपयोगबाटै समग्र विश्व र मानव सभ्यता नै समाप्त हुन सक्छ ।


### माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८३/०४/१५ गते का दिन जनकपुरबाट बर्दिबास जानेक्रममा अनुराग बयरको निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**तपसिलः**
**नाम : अनुराग बयर**
**बुबाको नाम : जिबछ बयर**
**रजिष्ट्रेशन नं. : ६६१६१५००६**
**सिम्बल नं. : ३१६००५२१**
**ठेगाना : कल्याणपुर – १, सिराहा**
**फोन नं. : ९८२५७२०५८८**



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# धनुषामा प्रतिपरिवार एक सिलिन्डर बिक्री गरिने



• टक नेपाल

धनुषा जिल्लामा खाना पकाउने एलपीजी ग्यासको सम्भावित अभावलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय धनुषाले प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवाला निकाय, ग्यास उद्योग तथा बिक्रेताको संयुक्त बैठकले ग्यासको सहज आपूर्ति र समानुपातिक वितरण सुनिश्चित गर्न प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको हो।

बैठकले जिल्लामा रहेका एलपिजी ग्यास उद्योगले दैनिक बिक्री हुने ग्यासको विवरण अभिलेख र ाखी समानुपातिक रूपमा वितरण गर्ने, धनुषालाई प्राथमिकतामा राखेर ग्यास आपूर्ति गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए।

त्यसैगरी, ग्यास बिक्रेताले एक परिवारलाई एक सिलिन्डर मात्र बिक्री गर्दा उपभोक्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य रूपमा अभिलेख राख्नुपर्ने, व्यावसायिक प्रयोजनभन्दा घरेलु उपभोक्तालाई पहिलो प्राथमिकतामा राखेर ग्यास बिक्रीवितरण गर्नुपर्ने निर्णय भएको प्रजिअ लुइँटेलले बताए।

कृत्रिम अभाव सिर्जना हुन नदिन आवश्यकता भन्दा बढी ग्यास भण्डारण नगर्न सर्वसाधारणलाई आग्रह गर्दै ग्यास बिक्रीवितरणका क्रममा बढी नाफा कमाउने उद्देश्यले अनुचित भण्डारण गर्ने, सहज आपूर्ति नगर्ने, बढी मूल्य लिने वा गलत नियतले कालोबजारी गर्ने व्यवसायीलाई कानुनी कारबाहीको दायरामा ल्याइने प्रजिअ लुइँटेलको भनाइ छ।

जिल्ला प्रशासन कार्यालयले संयुक्त बजार अनुगमनलाई तीव्र बनाउने तथा माग, आपूर्ति र बिक्रीवितरणको नियमित अनुगमन गरी आवश्यक नियमन गर्ने निर्णयसमेत गरेको छ। पछिल्ला दिनमा ग्यासको आपूर्तिमा देखिएको असहज अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले ग्यास डिपोहरुको नियमित अनुगमन गरिरहेको जनाएको छ।

# तेल्हा पोखरीमा डुबेर भारतीय युवकको मृत्यु

• टक नेपाल

जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिर नजिक रहेको तेल्हा पोखरीमा डुबेर भारतबाट धार्मिक दर्शनका लागि आएका एक युवकको मृत्यु भएको छ।

मृत्यु हुने व्यक्ति भारतको बिहार राज्यको हाजीपुर निवासी २० वर्षीय आदर्शकुमार झा रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिनुभयो। झा साथीहरूसँग जानकी मन्दिर दर्शनका लागि जनकपुर धाम आउनुभएको थियो।

प्रहरीका अनुसार मङ्गलबार राति मदिरा सेवनपछि पौडी खेल्ने उद्देश्यले तेल्हा पोखरीमा प्रवेश गरेका झा डुबेका थिए। राति करिब ८:४० बजे झा बेपत्ता भएको सूचना प्राप्त भएपछि प्रहरी टोली तत्काल घटनास्थल पुगेर स्थानीयको सहयोगमा उद्धार गरेको थियो।

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने। ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने। घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने। अबिलम्ब चिकित्सा उपचार गराउने।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ। त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस्।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

# सप्तरीमा ९१ प्रतिशत धान रोपाइँ

• टक नेपाल



धान उत्पादनका दृष्टिले मधेश प्रदेशको प्रमुख जिल्ला सप्तरीमा यस वर्ष धान रोपाइँ लगभग सम्पन्न भए पनि किसानले रासायनिक मलको अभाव, कृषि मजदुरको कमी र सिँचाइको असमान पहुँचजस्ता समस्यासँग जुध्नु परेको छ। समय-समयमा परेको वर्षा र नहर, बोरिङ तथा कुलोबाट उपलब्ध सिँचाइका कारण जिल्लामा बिहीबारसम्म ९१.२५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र राजविराजले जनाएको छ।

कृषि ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ दिपेन्द्र प्रसाद कुशवाहाले कृषि विकास निर्देशनालय, धनुषालाई पठाएको साप्ताहिक विवरणअनुसार सप्तरीमा ८१ हजार ६६७.८९ हेक्टर खेतीयोग्य जमिनमध्ये ६८ हजार हेक्टरमा धान खेती हुने गरेको छ। साउन २१ गतेसम्म ९ बिहीबार० ६२ हजार ५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भइसकेको उल्लेख गरिएको छ।

किसानका अनुसार रोपाइँको सबैभन्दा व्यस्त समयमा रासायनिक मल डीएपी नपाउँदा खेती प्रभावित भएको छ। रुपनी गाउँपालिका-२ का किसान सुरेन्द्र यादवले धान रोप्नुअघि डीएपी, युरिया र पोटास मल आवश्यक पर्ने भए पनि अधिकांश किसानले रोपाइँ सकाइसकेपछि मात्रै पालिकाबाट प्रतिकिसान १० किलोग्रामका दरले डीएपी मल वितरण सुरु गरेको बताउनुभयो।

"धान रोपेपछि डीएपी मल हालेर अपेक्षित उत्पादन लिन सकिँदैन। रोपाइँअघि चाहिने मल पछि आएर किसानलाई खासै फाइदा हुँदैन," उहाँले भन्नुभयो।

मलको अभावका कारण केही किसानले चर्को मूल्य तिरेर स्थानीय बिचौलिया वा कृषि पसलबाट मल खरिद गर्न बाध्य भएको तथा सीमावर्ती भारतीय बजारबाट पनि थोरै मात्रामा मल ल्याएको किसान बिन्दा खंगले बताउनुभयो। उहाँका अनुसार यस्तो अवस्थाले किसानको उत्पादन लागत बढाउनुका साथै अनावश्यक दुःख र श्रमसमेत थपिएको छ। "समयमै मल नपाउँदा खेतीको लागत बढ्यो, तर उत्पादन बढ्ने सुनिश्चितता भने छैन," उहाँले भन्नुभयो।

जिल्लाको महदेवा गाउँपालिका किसान राजनारायण साहले कृषि मजदुरको अभावका कारण पनि रोपाइँ प्रभावित भएको बताउनुभयो। गाउँमा पर्याप्त मजदुर नपाउँदा धेरै किसानले समयमै रोपाइँ गर्न कठिनाइ भोग्नुपरेको उहाँको भनाइ छ। वैदेशिक रोजगारी र अन्य पेसातर्फ युवाको आकर्षण बढ्दै जाँदा कृषि क्षेत्रमा श्रमिक अभाव वर्षेनी बढ्दै गएको उहाँले बताउनुभयो।

यस्तै, शम्भुनाथ नगरपालिका-४ का किसान भरत यादवले जिल्लाका सबै क्षेत्रमा सिँचाइ सुविधा समान नरहेको बताउनुभयो। उहाँका अनुसार कतै नहर, बोरिङ र कुलोबाट सहज रूपमा सिँचाइ भए पनि कतिपय किसान अझै आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्। वर्षा भएका क्षेत्रमा रोपाइँ सहज भए पनि सिँचाइ सुविधा कमजोर रहेका स्थानमा किसानले वर्षाको प्रतीक्षा गर्नुपरेको उहाँले सुनाउनुभयो।

छिन्नमस्ता गाउँपालिकाका किसान बिन्दु साहले भने यस वर्ष समय-समयमा परेको वर्षा र नहरबाट पर्याप्त सिँचाइ उपलब्ध भएकाले विगतको तुलनामा धान रोपाइँ छिट्टै सम्पन्न भएको बताउनुभयो। उहाँका अनुसार अनुकूल मौसमले किसानलाई रोपाइँ समयमा सम्पन्न गर्न सहयोग पुगेको छ।

कृषि ज्ञान केन्द्र राजविराजका प्रमुख रोशन मेहताले स्यालो ट्यूबवेल ९ बोरिङ०, नहर, कुलो तथा मनसुनी वर्षाले धान रोपाइँलाई सहज बनाएको बताउनुभयो। उहाँका अनुसार अधिकांश क्षेत्रमा रोपाइँ समयमै सम्पन्न भएको छ। अब बालीको उचित स्याहार, समयमै युरिया तथा अन्य आवश्यक मलको उपलब्धता र रोगकीरा व्यवस्थापनमा ध्यान दिनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

धान रोपाइँको तथ्याकं उत्साहजनक देखिए पनि किसानले भोगेको मल अभावले बढी लगानी, बढी दुःख र कम प्रतिफलको जोखिम बेहोर्नुपरे को छ। कृषि क्षेत्रका सरोकारवालाले समयमै मल आपूर्ति, सहज सिँचाइ र कृषि श्रमिक व्यवस्थापनमा सुधार गर्न सके मात्र धान उत्पादन बढाउन सकिन्छ।

# २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिने

• टक नेपाल

मधेश प्रदेश सरकारले मधेश प्रदेशको २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने लक्ष्यका साथ चालु आर्थिक वर्षमा कामकाजलाई अगाडी बढाएको छ।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले वहुवर्षीया योजना अन्तर्गत प्रत्येक जिल्लामा तीन वटा विद्यालय गरी जम्मा २४ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्नका प्रदेश सर कारले यसै आर्थिक वर्ष वाट कामको थाल्नी गर्ने बताउनुभयो।

उहाँले यसका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा एउटा विद्यालयका लागि डेढ करोढ को दरले जम्मा ३२ करोड बजेटको विनियोजन गरेको जानकारी दिनुभयो। उहाँले बजेट कार्यान्वयनका लागि २४ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मन्त्रलयमा बो लाएर कामकाज अगाडी बढाउनका लागि निर्देशन दिसकिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "विद्यालायका प्राधानाध्यापकलाई हामीले भनेका छौं। नमूना विद्यालयका लागि आवश्यक पर्ने पुर्वाधार र जनशक्ति प्रदेश सर कारले दिन तयार छ। विद्यालयको पठनपाठन सुधार गर्ने काम तपाईहरुको हो। त्यसमा तपाईहरु ध्यान दिनुस्।" मन्त्री सिंहले मधेश प्रदेशमा तीन हजार ४८४ वटा सामुदायिक विद्यालय रहेको जानकारी दिदै प्रदेश सर कारले आउने दिनमा सबै विद्यालयको शैक्षिक सुधारका लागि कामकाज गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री सिंहले मधेश प्रदेशको शिक्षा क्षेत्रको सुधार अति आवश्यक भएको भन्दै शिक्षा क्षेत्रको सुधारका लागि प्रदेश सरकारले दतोचित भएर कामकाजलाई अगाडी बढाएको बताउनुभयो। उहाँले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने सवालमा प्रदेश सरकारले बढाएका कामकाज तिब्र गतिमा अगाडी बढी रहेको र उल्लेखिय रुपमा प्रगति देखिएको बताउनुभयो।

उहाँले अहिले मधेश प्रदेशका विभिन्न पालिकाहरुलाई उल्लेखित मापदण्ड पुरा गरेपछि साक्षर पालिका घोषण गर्ने काम अगाडी बढीरहेको भन्दै मधेश प्रदेशलाई पनि छिट्टै साक्षर प्रदेश घोष्णा गर्ने तयारीमा प्रदेश सरकार रहेको उल्लेख गर्नुभयो। उहाँले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि अगामी दिनमा प्रदेश सरकारले सामुदायिक विद्यालयको अनुगमणको कार्यलाई पनि त्रिब पार्ने जानकारी दिनुभयो।

विज्ञापन गानुपेमा
९८६३३२१०१४
९८०८७८२११४

## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८३/०४/१५ गते का दिन जनकपुरबाट बर्दिबास जानेक्रममा रुबि कुमारी महतोको निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**तपसिल:**
**नाम : रुबि कुमारी महतो**
**बुबाको नाम : सन्तोष कुमार महतो**
**रजिष्ट्रेशन नं. : ७९२१६०१५००१५**
**सिम्बल नं. : २१६०२२०७**
**ठेगाना : कल्याणपुर – १, सिराहा**
**फोन नं. : ९८२५७२०५८८**

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014